# स्थानीय तहको वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन

## २०८०




## राप्ती गाउँपालिका वडा नं. १ भालुवाङ दाङ

### प्रतिवेदक

**नामसालिङ सामुदायिक विकास केन्द्र इलाम**


**२०८० पौष**

## १. पृष्ठभूमिः

स्थानीय तहको सामाजिक परीक्षण सम्पन्न गर्न तत्कालका लागि कार्यविधि कानूनहरुको कमी रहेको अवस्थामा विगतमा प्रचलनमा रहेको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा समावेश भएका विधि, प्रक्रिया र औजारहरु र विगतका अभ्यासहरुको समेत आधारमा दाङ्ग जिल्ला राप्ती गाँउपालिका अन्तर्गत छनोट भएका दुई वटा वडाहरु मध्ये वडा नं. १ को सामाजिक परीक्षणका क्रममा प्राप्त तथ्यहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । सहभागितात्मक योजना छनोट प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले औपचारिक रुपमा पारित गरेको नीति, बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस वडामा कार्यान्वयन भएका विकास गतिविधिहरु, सामाजिक सुरक्षा, नियमित नागरिक सेवा, जनसम्बन्ध, समन्वय, साझेदारी, नागरिक गुनासो तथा सूचना व्यवस्थापन, सेवाप्रदायकहरुको सामाजिक आचरण तथा आचार संहिताहरुको परिपालना जस्ता विविध विषयक्षेत्रहरुमा रही यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । सेवाहरु प्रदान गर्दा आफ्ना नागरिक र आम सेवाग्राहीहरु प्रति स्थानीय वडाले निर्वाह गरेको सामाजिक उत्तरदायित्व र नैतिक जिम्मेवारीहरु यस सामाजिक परीक्षणको केन्द्रविन्दुमा रहेका छन । यो सामाजिक परीक्षण राप्ती गाउँपालिका, स्थानीय वडाका जनप्रतिनिधिहरु, टोलविकास संस्थका पदाधिकारीहरु, निर्माण उपभोक्ता समिति पदाधिकारीहरु, वडा कार्यालयका कर्मचारी, स्थानीय सेवाग्राही र सरोकारवालाहरुसँगको साझेदारी र समन्वयमा सम्पन्न गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय वडाले गत आर्थिक बर्षमा सम्पादन गरेका विकास कृयाकलापहरु एंवम् सुविधाहरुको सामाजिक उपलब्धी सम्बन्धी लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । प्राप्त तथ्यांक तथा सूचनाहरुको संक्षिप्त विश्लेषणका माध्यमबाट यस प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्ने हुँदा सुझावहरुको अभिलेखीकरण समेत यसको अतिरिक्त उद्देश्य हो ।




## ३. सामाजिक परीक्षण गरिएको स्थानीय तहः

३.१. राप्ती गाउँपालिका वडा नं. १, भालुवाङ

## ४. प्रतिवेदन प्राप्त गर्ने सरोकारवालाः

- राप्ती गाउँपालिका वडा नं. १ को कार्यालय, भालुवाङ्ग दाङ्ग ।
- राप्ती गाउँपालिकाको कार्यालय, मसुरिया, देउखुरी दाङ्ग ।

## ५. सामाजिक परीक्षण गर्ने संस्थाः

नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC), इलाम ।
सम्पर्क ठेगानाः राप्ती गाउँपालिका वडा न. ४ मौरीघाट
सम्पर्कः ०८२–४१३०७९
ncdcilam@ntc.net.np

## ६. तथ्यांक/सूचना संकलन विधि तथा प्रकियाः

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को आधारमा परिवर्तित सम्दर्भ सहित निम्नानुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरी यो सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।

६.१. अभिलेख अध्ययन तथा समीक्षा
६.२. उपभोक्ता समिति तथा सरोकारवाला अन्तरवार्ता
६.३. फिल्ड अवलोकन
६.४. लक्षित समूह/समुदाय छलफल
६.५. नागरिक अभिमत संकलन
६.६. नमुना सर्भेक्षण

## ७. सामाजिक परीक्षणको क्षेत्रः

७.१. सामाजिक सुरक्षा ।
७.२. नियमित नागरिक सेवा ।
७.३. स्थानीय पूर्वाधार विकास निर्माण ।
७.४.जनसम्बन्ध, समन्वय र साझेदारी ।
७.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापन ।
७.६. जनप्रतिनिधि तथा कर्मचारी आचरण, आचार-संहिताको परिपालना र उत्प्रेरणा ।






## ८. सूचनादाताहरुको बर्गीकृत विवरणः

| समुदाय | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|
| आदिबासी जनजाती | २८ | १२ | १६ | |
| दलित | ५ | २ | ३ | |
| मुश्लिम | ६ | २ | ४ | |
| ब्राम्हण/क्षेत्री | २१ | १२ | ९ | |
| मारवाडी/मधेशी | २ | ० | २ | |
| अन्य | ४ | १ | ३ | |
| **जम्माः** | **६६** | **२९** | **३७** | |
| प्रतिशतः | १०० | ४३ | ५७ | |

## ९. सामाजिक परीक्षण टोलीः

९.१. बिनोद निरौला (सामाजिक परीक्षक सम्पर्क ९८५२६२०४१२)
९.२. धर्मबहादुर यादब (फिल्ड संयोजक नासाविके सम्पर्कः ९८४४)
९.३. पुस्तमा पुन (सामाजिक परिचालक, नासाविके)

## १०. विविधः

सामाजिक परीक्षण सम्बन्धी तथ्यांक तथा सूचनाहरु र तिनको विश्लेषण पछाडि खण्ड-ख मा समावेश गरिएकोछ ।



## खण्ड-ख

### राप्ती गाउँपालिका (दाङ्ग) वडा नं. १ को सामाजिक परीक्षण प्रतिवेदन

## १. वडाको आधारभूत तथ्यांक:

- वडा कार्यालयले प्रत्यक्ष सेवा दिनुपर्ने घरधुरी संख्या: ११६६ घरधुरी (स्रोत गा.पा.वस्तुगत पार्श्वचित्र-२०७५)।
- सेवाग्राही जनसंख्या: जम्मा: ३४०५ जना (महिला: २४२४, पुरुष: २६७४, तेस्रोलिंगी: ७ जना)।
- सेवाक्षेत्रका वस्तीहरु: शान्तिपुर (चैते), भालुवाङ्ग, खर्क बगासोती, मछिताल, बगाहासोती, पाखापानी ।
- आ.व. २०७९/०८० मा सामाजिक सुरक्षा सेवा पाउने सेवाग्राही संख्या:

| | |
|---|---|
| जेष्ठ नागरिक | २७३ |
| जेष्ठ दलित | १३ |
| एकल महिला | ७१ |
| विधवा | १३३ |
| पूर्ण अपाङ्ग | ८ |
| अति असक्त | २९ |
| दलित बालबालिका | ३८ |
| जम्मा | ५५५ |

## २. योजना कार्यान्वयनको अवस्था (सन्दर्भ आ.व. २०७९/०८०)

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| २.१. | टोलस्तरबाट भाग भएका योजना संख्या | १२१ |
| २.२. | कार्यान्वयनका लागि स्वीकृत योजना संख्या | ४६ |
| २.३. | सम्पन्न हुन नसकेका योजना | ५ |
| २.४ | रकमान्तर भएका योजना | ७ |

## ३. वडाको सेवा प्रवाह र विकास कार्यसम्पादन प्रतिको जनअभिमत:

| क.सं. | सेवाको क्षेत्र | जम्मा अभिमतकर्ता | अभिमतकर्ताको प्रतिक्रिया | | | | कफियत |
|---|---|---|---|---|---|---|---|
| | | | उत्कृष्ठ | सामान्य | कमजोर | धेरै कमजोर | |
| ३.१. | सामाजिक सुरक्षा | ४३ | ३४ | ५ | ४ | ० | |
| ३.२. | नियमित नागरिक सेवा | ५० | ३० | १३ | ७ | ० | |
| ३.३. | स्थानीय विकास निर्माण | ५३ | २८ | २२ | ३ | ० | |
| ३.४. | जन-सम्बन्ध, समन्वय र साझेदारी | ४८ | ३८ | ८ | २ | ० | |
| ३.५. | नागरिक गुनासो तथा सूचना व्यवस्थापन | ४८ | २६ | १५ | ५ | २ | |
| ३.६. | जनप्रतिनिधि तथा कर्मचारी आचारण, आचार-संहिताको पालना र उत्प्रेरणा | ५० | ३० | १५ | ५ | ० | |
| | जम्मा अभिमत (पुनरावृत्ति): | २९२ | १८६ | ७८ | २६ | २ | |
| | प्रतिशत: | १००% | ६४% | २७% | ८% | १% | |



# ४. राप्ती गाउँपालिका वडा न. १ ले आ.व. २०७९/०८० मा संचालन गरेका विकास कृयाकलाप एवंम् गतिबिधिहरुको स्थलगत अवलोकनका क्रममा पहिचान भएका योजनागत सामाजिक पक्षहरु

## ४.१ पूर्वाधार तर्फ

### ४.१.१ प्यूठान रोडसँग सटेको भुक्चह गल्ली बाटो स्तरोन्नती

सम्पर्क व्यक्ति: श्री शुशिल वि .क (स्थानीय उपभोक्ता)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**



- बर्खायाममा हिलो र हिउँदमा धुलोले समस्या सृजना गरेको थियो ।
- भालुबाङ बजारको सौन्दर्यीकरणमा नकारात्मक असर परेको थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- माटो फिलिङ तथा सिमेन्ट ढलाई गरिएको छ ।
- सडक मापदण्ड अनुसार कच्ची सडकलाई चौडा गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- सडकको पानी घरमा छिरेर आवतजावत असर पार्ने काम नियन्त्रण भएको छ ।
- बिद्यालय जाने साना उमेरका बिद्यार्थीहरुलाई आवत जावत गर्न सहज भएको छ ।
- स्थानीय  आवासीय क्षेत्रमा व्यबस्थित सडक निर्माणको शुरुवात
- आवासीय क्षेत्र सौन्दर्यीकरणको लागि आधार तयार भएको छ ।

**घ) सुझाव**

- यो गल्ली सडकको राजमार्गसँग जोडिएको क्षेत्रको अझै केही खण्ड पक्की गर्न अधुरोनै रहेको छ ।
- बजेट अभावको कारण आधा मात्र निर्माण भएकोले बाँकी खण्डको लागि स्रोत व्यबस्थापन गर्नुपर्ने देखिन्छ । सहज नालामा पुगेको छैन ।

### ४.१.२ कृषिमार्ग देखि विहानी मार्ग सम्मको बाटो स्तरोन्नती
सम्पर्क व्यक्तिः श्री पार्वती सुवेदी (९८४७८७१६६०)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यो बाटो कच्ची भएकोले धुलो तथा सौन्दर्यीकरणमा नकारात्मक असर परेको थियो ।
- वस्ती विकास हुदै गरेको क्षेत्र भएपनि बर्खा याममा हिलो हुने गरेकोले नाली अनिवार्य थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- माटो फिलिङ तथा ग्राभेल एवंम स्तरोन्नती गरिएको छ ।
- सडक मापदण्ड अनुसार कच्ची सडकलाई चौडा गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- बस्तीविकासको आधारभूत संरचनाको रुपमा सडक निर्माण भएको छ ।
- आवत जावत गर्न सहज भएको छ ।
- आवासीय क्षेत्र सौन्दर्यीकरणको लागि आधार तयार भएको छ ।

**घ) सुझाव**

- क्रमागत योजना मार्फत यो सडकको बाँकी खण्ड स्तरोन्नती गर्नुपर्ने देखिन्छ ।
- उपभोक्ता समितिको बैठक पटक पटक बसेपनि उपलब्धीको सार्वजनिक सुनुवाई प्रभावकारी नभएको उपभोक्ताको गुनासो देखियो ।

### ४.१.३ शान्तिटोल भालुवाङमा नाली निर्माण
सम्पर्क व्यक्तिः श्री मोहम्बद. हसन (व्यापारी)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- पुरानो भालवाङ बजार बीचबाट गएको हुँदा बर्खामा हिलो तथा हिडडुलमा समस्या थियो ।
- बजारको भित्री खण्ड सौन्दर्यीकरणमा नकारात्मक असार परेको थियो ।
- सडक आसपासको घरमा बर्खा याममा पानी जम्ने भएकोले लामखुट्टे तथा औलोको जोखिम थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- शान्तिटोलको विचखण्डमा पक्की नाली निर्माण भएको छ ।
- सडकको दुवैतिर वस्ती भएपनि नाली चालि खण्ड खण्ड गरेर एक साइडमा मात्र निर्माण भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- बर्खामा सडक भल घरहरुको फोहरपानी निकास नियन्त्रण भएको छ ।
- स्थानीय बासिन्दालाई दैनिक आवत जावत गर्न सहज भएको छ ।
- नाली निर्माण स्थानीय उपभोक्ताहरुले गरेको हुनाले न्यून रुपमा भएपनि स्थानीय स्तरमा रोजगारी उपलब्धता भएको थियो ।
- पक्की नाली र ग्रावेल सडकले गर्दा सडक किनार आसपासको जमिनको मूल्याकंन बृद्धि भएको छ ।

**घ) सुझाव**

- शान्तिटोल सडकको प्रस्तावित सवै क्षेत्रमा क्रमागत योजना मार्फत नाली निर्माण गर्नुपर्ने देखिन्छ ।
- सडकको एक साइडमा मात्र नाली निर्माण भएको जे समस्या थियो त्यो पूर्ण रुपमा निमूल हुन सकेन ।

## ४.१.४ पुलचोक ग्रीनपार्क सहित पूर्वतर्फ रोल्पाली गल्ली बाटो स्तरोन्नती

सम्पर्क व्यक्तिः श्री ऋणिराम खनाल (स्थानीयबासी)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- राप्ती वडा न. १ भालुबाङ बजारको मुख्य सौन्दर्यीकरणमै नकारात्मक असर परेको थियो ।ग
- रोल्पाली टोलको गल्ली बर्खायाममा हिलो तथा हिउँदमा धुलो हुने गरेकोले आसपासका घर र स्थानीय बासीलाई समस्या परेको थियो ।




**ख) सम्पन्न भएका कामहरु**

- भालुवाङ ग्रीनपार्क देखी रोल्पाली गल्ली सडकमा टायल सोलिङ गरिएको छ ।
- ग्रीन पार्क वस्ती क्षेत्रमा रोल्पाली गल्लीको पक्की टायल सडक मुनी अन्डरग्राउण्ड नाली निर्माण गरिएको छ ।
- सडक मापदण्ड अनुसार कच्ची सडकलाई चौडा गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- ग्रीनपार्क रोल्पाली गल्ली क्षेत्रभित्र पर्ने आवासीय क्षेत्रमा नाली निर्माणको कारण वस्ती सौन्दर्यीकरण बढेको छ ।
- ग्रीनपार्क क्षेत्रको गल्लीमा रंगीन टायल बिछ्याइएको छ ।
- स्थानीयलाई आवत जावत गर्न सहज भएको छ ।
- सडकको क्षेत्राधिकारलाई लिएर भएको सामाजिक द्धन्द्ध व्यबस्थापन भएको छ ।
- निर्वाचित वडा प्रतिनिधिहरु त्था टोलविकासको सहयोगमा योजना छनौट तथा कार्यान्वयन एवंम् अनुगमन गरिएको हुँदा पारदर्शीता कायम भएको देखियो ।

**घ) सुझाव**

- सौर्न्यीकरणको लागि सडक गल्लीमा टायर बिछ्याउने कार्य शुरुवात भएपनि यस सडकको बाँकी खण्डलाई पूर्णता दिनुपर्ने देखिन्छ ।
- ग्रीनपार्क क्षेत्रमा ह्याभीलाईट जडान गरी रातको समयमा पनि उज्यालो रहने प्रवन्ध गर्नुपर्ने देखिन्छ ।
- ग्रीनपार्कमा अन्डरग्राउण्ड आगलागी जन्य जोखिम न्यूनिकरणको लागि पानी ट्याकी निर्माण गर्नुपर्ने देखिन्छ ।
- शहरी क्षेत्रमा सिसि क्यामेरोको नेटवर्क जडान गर्नुपर्ने देखिन्छ ।

### ४.१.५ मिनीबसपार्क नेर आपँखोली बाटोमा नाला निर्माण

सम्पर्क व्यक्तिः श्री टेकबहादुर महतरा तथा भकु रोका क्षेत्री (९८४७९५६४४८)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यो बस्तीमा सडक निर्माण भएपनि नाला निर्माण भएकोले पानी पस्ने समस्या थियो ।
- बजारको भित्री खण्ड सौन्दर्यीकरणमा नकारात्मक असार परेको थियो ।
- सडक आसपासको घरमा बर्खा याममा पानी जम्ने भएकोले लामखुट्टे तथा औलोको जोखिम थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- आपखोली मिनीबसपार्क सडक खण्डमा पक्की नाली निर्माण भएको छ ।
- सडकको दुवैतिर वस्ती भएपनि नाली चालि खण्ड खण्ड गरेर एक साइडमा मात्र निर्माण भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- बर्खामा सडक भल घरहरुको फोहरपानी निकास केही भएपनि नियन्त्रण भएको छ ।
- स्थानीय बासिन्दालाई दैनिक आवत जावत गर्न सहज भएको छ ।
- नाली निर्माण स्थानीय उपभोक्ताहरुले गरेको हुनाले न्यून रुपमा भएपनि स्थानीय स्तरमा रोजगारी उपलब्धता भएको थियो ।
- पक्की नाली र ग्रावेल सडकले गर्दा सडक किनार आसपासको जमिनको मूल्याकंन बृद्धि भएको छ ।

**घ) सुझाव**

- नाली निर्माण अधुरो रहेको रहेको क्रमागत योजना मार्फत नाली निर्माण गर्नुपर्ने देखिन्छ ।
- सडकको एक साइडमा मात्र नाली निर्माण भएको जे समस्या थियो त्यो पूर्ण रुपमा निमूल हुन सकेन ।
- निर्माण गरिएको नाली र साविक निर्माण नालीको लेभल नमिलेकोले पानी निकास सहज बनाउनुपर्ने छ ।

### ४.१.६ राष्ट्रिय मा.वि मर्मत तथा सम्भार

सम्पर्क व्यक्तिः श्री लोकेन्द्र के.सी. प्र.अ. (९८५७८४०१००)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बिद्यालयको कक्षाकोठा भुई प्लाष्टर नभएकोले धुलो तथा जोखिम थियो ।
- झ्यालको पल्ला एवंम् ग्रील नभएकोले असुरक्षित तथा बाहिरी मान्छे फोहर गरिदिने समस्या थियो ।
- बिद्यालयको बाहिरी प्लाष्टर नभएकोले सौन्दर्यमा नकारात्मक असर परेको थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- बिद्यालयको कक्षा ४ र ५  कोठाको भित्ता प्लाष्टर गरिएको छ ।
- बिद्यालयको ११ र १२ कक्षा कोठाको बाहिरी र भित्री भित्ता आकर्षक प्लाष्टर गरिएको छ ।
- कक्षा कोठाको १९ वटा झ्यालको पल्ला लगाइएको छ र ग्रील मार्फत मजबुद बनाएको छ ।

**ग) सामाजिक उपलब्धी**

- शिक्षण सिकाई कृयाकलापको लागि उचित वातावरण तयार भएको छ ।
- भवनको भुईतला भत्किएर चोटपटक, धुलो मैलो लाग्ने जोखिम कम भएको छ ।
- झ्यालल ढोकाको प्रवन्ध भएकोले कक्षा कोठाको सुरक्षा भएको छ ।
- भवनको भित्री र बाहिरी आवरण आकर्षक भएको छ ।
- बिद्यालय हाता सफा सुग्घर भएको छ ।



**घ) सुझाव**

- बिद्यालयको भौतिक निर्माण गर्ने कार्यमा उपभोक्ता समितिको तर्फबाट जुटाउनुपर्ने श्रमदान जुटाउन कठिन भएकोले बिद्यालयको हकमा व्यबस्थापन समिति मार्फत फरक बिधि अपनाउन अनुरोध गर्नुपर्दछ ।
- बिद्यालयको समग्र शैक्षिक अवस्थामा सुधारको लागि फोहरमैला संकलन स्थल र शौचालय प्रयोगको लागि पानीको प्रवन्ध गर्नु आवश्यक देखिएको छ ।
- बिद्यालय भवन मर्मत भन्दापनि नयाँ प्राविधिमैत्री भवन निर्माण गर्नुपर्ने आवश्यकता छ ।

### ४.१.७ दुर्गामन्दिर भालुवाङ पूर्वाधार निर्माण

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- मन्दिरको वरपर कम्पाउण्डमा घेराबारा नभएकोले पशुबस्तुले फोहर गर्ने तथा सरसफाईको दृष्टिकोणले समस्या थियो ।
- मन्दिर हातामा भक्तजन बिश्राम गर्ने तथा ओत लाग्ने संरचना थिएन ।
- मन्दिर हातामा सौन्दर्यीकरणमा नकारात्मक समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- दुर्गा मन्दिरको हाता मार्फत सुरक्षित गरिएको छ  ।
- मन्दिर हातामा भक्तजन/पुजारी लक्षित बिश्राम स्थल टहरो निर्माण भएको छ ।
- मन्दिर सौन्दर्यीकरण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- दुर्गा मन्दिरको सुरक्षाको दिगो प्रवन्ध भएको छ ।
- भक्तजन तथा सरोकारवाला लाई लक्षित गरी मन्दिर हातामित्र ट्रस भवन निर्माण गरिएको छ ।
- सरसफाई र भक्तजनहरुको लागि खानेपानी प्रवन्ध भएको छ ।



- धार्मिक आस्थाको केन्द्र प्रवर्द्धन भएको छ ।

**घ) सुझाव**

- मन्दिर गेटसम्म सहज पहुँचको लागि ग्रावेल गरी सडक स्तरोन्नती गर्नुपर्ने देखिन्छ ।
- मन्दिरको नियमित पूजापाठ र सरसफाईको लागि पुजारीलाई न्यूनतम प्रारिश्रमिकको व्यबस्था गर्नुपर्ने देखिन्छ
- सिद्धेश्वर मन्दिरको गुरुयोजना अनुसार भौतिक निर्माण कार्यलाई तिव्रता दिनुपर्ने देखिन्छ ।

**४.१.८ मदरसा दारुलहुँदा मस्जिद भौतिक पूर्वाधार निर्माण**
सम्पर्क व्यक्तिः श्री दुर्गा गुप्ता

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- मस्जिदको कम्पाउण्ड घेराबारा नभएकोले बाहिरका मान्छेले फोहर फ्याक्ने गरेकोले समस्या सृजना भएको थियो ।
- मदरसा भवनमा भर्याङ, शौचालय, गेट नभएकोले समस्या थियो ।
- बजारमा रहेका छाडा छाडिएका गाईबाखाले मस्जिद हातामा फोहर गर्ने गरेको



**ख) सम्पन्न भएका कामहरु**

- मस्जिद हातामा पक्की कम्पाउण्ड, गेट निर्माण गरिएको छ ।
- मस्जिदको बाहिरी भागमा रहेको नवाज पढ्ने स्थान भवन तथा पूर्वाधार निर्माण गरिएको छ ।
- भवनलाई रङरोकन गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- मस्जिद हातामा फोहर हुन तथा खुला पशुबाट सुरक्षित रहेको छ ।
- लागू औषध र्दुव्यसनीहरुको अखडा बन्नबाट मुक्त भएको छ ।
- धार्मिक सांस्कृतिक कर्म र नवाज पठ्न सहज स्थान निर्माण भएको छ ।
- वडा कार्यालयको बजेट विनियोजन समावेशी भएको प्रष्ट भएको छ ।

**घ) सुझाव**

- मस्जिद हातामा नयाँ शौचालय निर्माणको कार्य पूर्णता नभएको यथाशिघ्र सम्पन्न गर्नुपर्ने देखिन्छ ।

## ४.१.९ लुरेखोलाको घाटमा मलामी बस्ने घर निर्माण

सम्पर्क व्यक्तिः श्री जमिर खान (९७०४२०२२३०)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- भालुवाङ बजारको लागि मलामी घाट तोकिएको भएपनि पानी परेको बेला मलामी ओतलाग्ने ठाउँ थिएन ।

**ख) सम्पन्न भएका कामहरु**



- लुरेखोला तटमा राप्ती छेउ पक्की सिमेन्टको टहरो निर्माण भएको छ ।
- मलामी घर रङ रोकन गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- मलामीलाई बर्खायाममा पानीबाट सुरक्षित भएको छ ।
- भालुवाङ क्षेत्रमा व्यबस्थित घाट निर्माणमा सहयोग भएको छ ।
- गाउँपालिकाको सार्वजनिक बित्त सामाजिक तथा सांस्कृत क्षेत्रमा पनि लगानी गर्ने अभ्यास देखिन्छ ।

**घ) सुझाव**

- मलामी टहरो आसपासमा प्लाष्टिक जन्य फोहोर नियन्त्रणमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.१.१० आपखोली  खोल्सा छेऊमा महिला भवन मर्मत तथा ढलाइ

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- आँपखोली बजारको खोल्सीकिनारमा भएको महिला सार्वजनिक भवन धुलो तथा प्लाष्टर समस्या थियो ।
- सार्वजनिक कार्यक्रम गर्न सुरक्षित र ओतलाग्ने स्थलको अभाव थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- आँपखोली  महिला भवनको भुईमा प्लाष्टर ढलाई गरिएको छ ।



- भवनको ट्रस तथा कम्पाउण्ड सुरक्षाको कार्य गरिएको छ ।
- सार्वजनिक भवन सौन्र्यीकरणको कार्य भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- आपँखोली किनारको महिला भवन सुरक्षित भएको छ ।
- सार्वजनिक कार्यक्रम गर्न पूर्वाधार तयार भएको छ ।
- सार्वजनिक सम्पत्तीको सुरक्षा भएको छ ।
- वस्ती कटानको दृष्टिकोणले सुरक्षित भएको छ ।

**घ) सुझाव**

- महिला भवनको कार्य विपद् व्यबस्थापन मार्फत सम्पन्न गरिएको उपभोक्ताहरुको धारणा रहेको पाईएकोले स्पष्ट विपद्को कृयाकलाप भनी यकिन गर्न नसकिएको ।
- फर्निचर तथा सुरक्षित शौचालयको प्रवन्ध गर्नुगर्ने देखिन्छ ।
- व्यबस्थित र उदाहरणीय भएपनि फोहरमैला नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

**४.१.११ सडक बत्ती जडान**

सम्पर्क व्यक्ति: श्री टेकबहादुर महतरा -९८०९८२५८४८)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- आपँखोली तथा बजार क्षेत्रमा सडक बत्ती नभएकोले विशेषगरी रातको समयमा अपराध घट्न सक्ने संभावना थियो ।
- व्यबस्थित बसोबासका दृष्टिले पनि सडक बत्ती अनिवार्य थियो ।
- सहरी सौन्दर्यीकरणको लागि र सुरक्षित वस्तीको लागि पनि सडक बत्ती आवश्यक थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- आपखोली टोल, बजार क्षेत्र तथा प्रमुख बस्तीमा सडक बत्ती जडान गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- चोक तथा टोल रातको समयमा पनि सुरक्षित भएको छ ।
- पर्यटक तथा यात्रीहरुलाई सुविधा पुगेको छ ।

- चोरी तथा सामान्वय अपराधका घटना नियन्त्रणमा सहयोग पुगेको छ ।

**घ) सुझाव**

- सडकबत्तिको लागि अतिरिक्त स्रोत व्यबस्था गरी तत्काल थप जडान गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- सडकबत्तिको सुरक्षा र प्रभावकारी प्रयोगबारे टोलविकास संस्थालाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।
- सडक बत्ती जडान गरिएका पोलहरुमा वत्ती सँग सिसी क्यामेरा पनि जडान गर्नुपर्ने देखिन्छ ।



## ४.१.१२ भालुवाङ निर ट्रस निर्माण

सम्पर्क व्यक्तिः श्री विरबहादुर नेपाली (९८२५१३०५४०)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- भालुवाङ बसपार्क क्षेत्रमा पहिला सानो कच्ची प्रतिक्षालको रुपमा थियो ।
- व्यबस्थित बसपार्कको लागि सुरक्षित ट्रस भवन आवश्यक थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- छानासहितको फलामको ट्रस निर्माण गरिएको छ ।



**ग) सामाजिक उपलब्धी**

- बसपार्क जस्तो सार्वजनिक स्थलमा न्यूनतम आवश्यक पूर्वाधार तयार भएको छ ।
- पानी परेको वेला तथा गर्मीको बेला यात्रीहरुलाई सुविधा भएको छ ।

**घ) सुझाव**

- बसपार्क छेऊमा निर्माण भएपनि खानेपानी तथा शौचालय नभएकोले निर्माण गर्नुपर्ने देखिन्छ ।
- सार्वनजिक स्थल भएकोले फोहर व्यबस्थापन कमजोर देखिन्छ त्यसलाई सुधार गर्नुपर्ने देखिन्छ ।

## ५. वडाले दिने सेवाहरु सम्बन्धी सामाजिक परीक्षणको क्रममा पाइएका केही सूचना तथा जानकारीहरुको सारसंक्षेप

### ५.१. सामाजिक सुरक्षा सम्बन्धीः

- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख अद्यावधि अवस्थामा रहेको छ ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गरी सेवालाई भरभर्दो बनाउन प्रयास गरिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणका लागि स्थानीय बासिन्दा र सरोकारवालाहरुले सचेत र सहयोगी भूमिका निर्वाह गरी वडा कार्यालयको सामाजिक सुरक्षा सम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउन सहयोग पु-याएका छन

- स्वास्थ्य विमा कार्यक्रम शुरुवात

### ५.२. नियमित सेवाप्रवाह (नागरिक सेवा):

- वडा कार्यालय साकिमा आफ्नै फराकिलो कार्यालय भवन मार्फत सेवा प्रवाह हुदै आएकोमा राजधानी व्यबस्थापनको लागि सो भवन उपलब्ध गराउनुपर्ने भएकोले सेवाग्राही तथा सार्वजनिक कार्यक्रममा असहजता भएको पाइयो ।
- लुम्बिनी प्रदेश राजधानीको प्रस्ताव भएपश्चात भालुवाङ्ग क्षेत्रका जग्गा किनावेचको प्रकृया रोक्का रहेकोमा सम्बन्धित स्थानीय सरकारको सिफारिसमा बैङ्किक कारोवार प्रयोजनमा लागि प्रकृयागत सहजीकरण गरेको पाइयो ।
- आवश्यकता अनुसार घरजग्गा रजिष्ट्रेशन, नागरिकता, राहदानी, व्यवसाय दर्ता, अनुदान सहयोग प्राप्ती, गरिब तथा विपन्न परिचय-पत्र, स्वास्थ्योपचार सेवा आदिका लागि दिनुपर्ने सिफारिस सेवा समयमै, प्रभावकारी ढङ्गले सहज रुपमा प्रदान गरिएको पाईयो ।
- भूमी सम्बन्धी समस्या समाधानको लागि गठन भएको समितिलाई सहजीकरण तथा बास्तविक भूमिहिनहरुको पहिचानमा प्रमुख भूमिका निर्वाह गरेको पाइयो ।
- नियमित सेवालाई प्रभावकारी बनाउन सेवा प्रदान गरिने कक्ष/विभागहरु अलग अलग गरी व्यवस्थापन गरिएको पाईयो ।
- नागरिक बडा-पत्र लगायत सार्वजनिक सूचना र जानकारीमूलक सामग्रीहरु यथासम्भव सेवाग्राहीको सुविधालाई केन्द्रीत गरी राखिएको छ ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा निर्धारित समयमा सरल र सहज रुपले प्रदान गरिएको छ । सर्जमिन मुचुल्का गर्नुपर्ने घटनाहरु बाहेकको हकमा तत्काल सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।
- पालिका, भूमि आयोग, नगरविकास तथा अन्य सरोकारवालाहरुको सहयोग अस्थायी तथा अव्यबस्थित बसोबास पहिचान गरी अस्थायी निष्सा, चारकिल्ला निस्सा प्रदान गरिएको पाइयो ।

### ५.३. प्रकोप तथा प्रतिकार्य सम्बन्धी

- आपतकालिन उद्धार एवंम् संक्रमितहरुको लागि एम्बुलेन्स यातायात प्रवन्ध, प्रहरी साझेदारी, उद्योग बाणिज्य संघ तथा सरोकारवालाहरुसँग सम्बन्ध सुमधुर र विपद् व्यबस्थापन तयारी अवस्थामा रहेको पाइयो ।
- सरुवा तथा डेंगु, अन्य भाइरल रोगबाट बच्न स्वास्थ सावधानी अपनाउन, भालुवाङमा यात्रु तथा आम टोलबासीहरुलाई सचेतनामूलक कार्यक्रम संचालन गरेको पाइयो ।

### ५.४. स्थानीय विकास निर्माण

- वडास्तरीय वार्षिक योजना तर्जुमाका सबै चरणहरुमा सहभागीतामूलक प्रक्रिया अबलम्बन गरिएको छ । योजना तर्जुमा कार्य समय सीमा भित्र सम्पन्न गरिदै आएको छ । बस्तीस्तर तथा टोलबाट छनोट र प्राथमिकीकरण

गरिएका योजनाहरुको  कार्यान्वयनलाई नै पहिलो प्राथमिकतामा राख्ने पद्धति अवलम्बन गरिएको छ । यस आ.व.मा वडा स्तरीय सिलिङ कम तोकिएको तथा निर्वाचित प्रतिनिधिहरुको कार्यक्रम योजना छनौटप्रकृया पश्चात मात्र सकृय भएकोले योजना कार्यान्वयनमा केही अल्झन भएको पाईयो ।

- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम, तथा बजेटको प्रकृति अनुरुप वडास्तरीय योजनाहरुको छनोट तथा प्राथमिकीकरण गर्न वडास्तरमा समेत सहजीकरण गरिदै आएको पाइयो । यस प्रकृयामा निर्वाचित जनप्रतिनिधिहरुको भूमिका प्रंशंसनीय रहेको पाइयो ।

- आ.व. २०७८/०७९ को अवधिमा गाउँसभाबाट पारित यस वडाका योजनाहरु मध्ये करीब ८५% योजनाहरु जस्ताको तस्तै कार्यान्वयन भएको पाईयो । बाँकी १५% योजनाहरु संशोधन सहित कार्यान्वयन भैरहेका क्रमागत ठूला प्रकारका योजनाहरु रहेका छन । ठूला र दुरगामी असर पार्ने पूर्ण रुपमा असफल भएका योजनाहरु नभएको पाईयो ।



# विद्युत नपुगेको स्थानमा सोलार सिंचाइ

●शिवराज खनाल

दाङ,१२ भदौ । भालुबाङ, प्यूठान सडकखण्ड अन्तर भालुबाङ बजारदेखि ७ किलोमिटर पूर्व र आधा किलोमिटरभित्र जङलको बीचमा मच्छिताल भन्ने बस्ती छ । राप्ती गाउपालिका वडा नं. १ मा पर्ने मच्छितालमा कुमाल समुदायका २० घर धुरी बस्ने गर्छन् ।

१६ बिगाह क्षेत्रफल रहेको बस्तिको मुख्य पेसा भनेकै कृषि हो । स्थानीय सरकार र नाम्सालिन संस्थाको सहकार्यमा उक्त बस्तीमा सौर्य सिंचाइ आयोजना लागू गरिएको छ । सोही सिचाइ आयोजनाले बाह्रै महिना बस्तीलाई हराभरा गराउने काम गरेको छ । मच्छीताल गाउँमा अहिले सिंचाइका लागि आकाशेपानीको भर पर्नुपदैन । नदिदेखि ५ सय मिटरमाथि २० घरपरिवारलाई पायक पर्ने स्थानमा पक्की ट्याङ्की निर्माण गरिएको छ । सिंचाइ सुविधा भएपछि स्थानीयले विभिन्न खेती सुरु गरेका छन् । आय आर्जनका लागि विदेशिने युवा पनि अहिले खेतीपातीबाट मनग्य आम्दानी लिने गरेका छन् । राप्ती गाउपालिका वडा नं. १ निवासी मदन मोहन कवँरले भने 'पहिले पहिले पानी नपर्दा खेतीपाती हुँदैन थियो अहिले भने मौसम अनुसारको खेतीपाती गर्न पाएका छौं ।' त्यस्तै देवबहादुर कुमालको पनि ६ जनाको परिवार छ । ४ कठ्ठा जमिन छ । उनको मुख्य पेशा भनेकै खेतीपाती हो । पहिले पानी परेन भने जमिन बाजै हुन्थ्यो अहिले सौर्य सिंचाइबाट सिंचाइ भएपछि आकासे पानीको भर पर्नुपरेको छैन । पिउने पानीको पनि समस्या टरेको पनि उनी बताउँछन ।

यता राप्ती गाउँपालिका वडा नम्बर १ का सदस्य पूर्णजङ्ग रेस्मी मगरका अनुसार गाउँ अतिविपन्न परिवारहरू बसोबास क्षेत्र भएको र उनीहरूको जीवन स्तर उठाउनका लागि वडा स्तरबाट विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ ।.३० लाख रूपैयाँको लागतमा निर्माण भएको लिफ्ट सिंचाइको लागि राप्ती गाउँपालिका, वडा नं. १ कार्यालयबाट १८ लाख, नाम्सालिन संस्थाको ९ लाख र स्थानीयकौं जनसमदानबाट निर्माण गरेको हो । आकासे पानीको भरमा परम्परागत खेती गरिरहेका किसानलाई व्यावसायिक खेती गर्न प्रेरणा दिने यो प्रविधिबाट नदी छेउका सुख्खा बस्तीमा प्रयोग गर्नसके स्थानीय कृषकको जीवनशैली सुधारमा ठूलो सहयोग मिल्ने विश्वास उनको छ ।

मच्छीताल गाउँलेजस्तै छिमेकी र नदी किनारका गाउले पनि सौर्य सिंचाइमा आधारित लिफ्ट सिंचाइ प्रविधि प्रयोग गरेर सुख्खा खेतबारी हराभरा बनाउन सकेमा आयआर्जनका लागि विदेशीने समस्या हट्ने निश्चित छ ।

- गतवर्ष वडा नं.१ मा संचालित योजनाहरु मध्ये कामको गुणस्तर, उपादेयता, समय, बजेट र जनसहभागिताका दृष्टिले श्री सडक स्तरोन्नती, नाला निर्माण, किरियापुत्री विश्रामस्थल, आर्यघाट व्यबस्थापन, मस्जिद पूर्वाधार निर्माण, ग्रीनपार्क सौन्दर्यीकरण, होमस्टे मर्मत, राष्ट्रिय मा.वि मर्मत,  खेलकुद प्रवर्द्धन, फोहोरमैला संकलन प्रयास, अटोमिलेज, अस्पतालको जग्गा व्यबस्थापन, प्रस्तावित भालुवाङ ५० सैया अस्पताल,  कृषकलाई उन्नत बिऊ वितरण, बृद्धबृद्धालाई थर्मस लगायतका उपकरण सहयोग, सीपमूलक तालिम आदि कार्य नमुनाको रुपमा सम्पन्न भएको छ । यी सवै योजना पारदर्शी ढङ्गले सम्पन्न भएका छन् ।

- वार्षिक गाउँ सभाबाट छनोट भएका योजनाहरु उपभोक्ताहरुको सकृय सहभागितामा कार्यान्वयन भएका छन । नियम संगत भुक्तानीको प्रबन्ध गरिएको छ । योजना संचालन र भुक्तानी प्रक्रियाको बारेमा उपभोक्ता समिति र स्थानीय सेवाग्राहीहरुमा उल्लेख्य प्रकारको गुनासो रहेको पाइएन । तथापी परीक्षण गरिएका केही पूर्वाधारका योजनाहरु अधुरो पाईकाले बजेट विनियोजन गरी निरन्तरता दिनुपर्ने देखिएको छ ।

- बजेट निकासा तथा बील भुक्तानीका लागि प्रक्रिया पुरागर्न कर्मचारी र जनप्रतिनिधिहरुले सहयोग गरेको स्थानीय उपभोक्ताहरुको प्रतिक्रिया रहेको छ ।  स्थानीयस्तरमा रहेका केही गुनासोहरु समेत अधिकांश सम्बोधन गरिएका छन ।

- बजेट निकासाका तथा परिचाालनका लागि समयमै प्रबन्ध मिलाईएको छ । बजेट खर्च अघि सोको परिचालनको लागि कार्यविधिमा तोकिएको प्रक्रिया अवलम्बन गरिएको छ ।

- योजनाहरुको पारदर्शीता र जवाफदेहिता अभिवृद्धिका लागि योजनास्तरमा सार्वजनिक परीक्षण अनिवार्य रुपमा गरिदै आएको छ ।
- गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत कर्मचारी र प्राविधिकहरुद्वारा उपभोक्त समिति गठनदेखिनै समय समयमा आवश्यकता अनुसार योजनाहरुको स्थलगत सुपरीक्षवेक्षण तथा अनुगमन गरी सार्वजनिक खर्च प्रक्रियालाई जिम्मेवारपूर्ण, पारदर्शी र प्रभावकारी बनाउन प्रयास गरिएको छ । यस प्रक्रियाले निर्माण सम्बन्धी योजनाहरुको गुणस्तर कायम गर्न मद्दत पुगेको स्थानीय समुदायको प्रतिक्रिया रहेको छ ।
- पूर्वाधारहरुका अतिरिक्त महिलाहरुका लागि सीपमूलक तालिम, अगरबत्ति बनाउने तालिम र कृषकहरुका लागि च्याउ तथा बैमौसमी तरकारीखेती प्रविधि तालिम सम्पन्न गरी आय-आर्जन र क्षमताविकासमूलक गतिविधिहरु प्रबर्द्धनका लागि वडाले प्रयास गरेको पाईएको छ ।
- वडामा मात्र नभई गाउँपालिका क्षेत्रकै उदाहरणीय कार्यको रुपमा निजी तथा गैसस क्षेत्रसँगको साझेदारीमा बगासोती, खर्कबगासोती, माछीताल जस्ता क्षेत्रमा समूह प्रबर्द्धन गरी एकीकृत उपलब्धी हासिल गर्न प्रयास गरेको पाईएको छ ।

## ५.५. जनसम्बन्ध, समन्वय र साझेदारीः

- जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरु बीचको पहुँच र सम्बन्ध निकट रहेको पाईएको छ ।
- वडा कार्यालय, गाउँपालिका, जिल्ला र प्रदेशबाट संचालित विकास गतिविधिहरु संयोजनका लागि वडा प्रतिनिधिहरुले समेत समन्वय र साझेदारीका लागि पहल गर्ने गरिएको स्थानीय सेवाग्राहीहरुको प्रतिक्रिया रहेको छ ।
- स्थानीय तथा राष्ट्रिय गैसस, आमसञ्चार क्षेत्र, सहकारी, उपभोक्ता समुह तथा निजी क्षेत्रको समेत सहभागिता र लगानी साझेदारीमा विकास निर्माण योजनाहरु कार्यान्वियन गरिदै आएका छन । अतः जनसम्बन्ध, समन्वय र स्रोत साझेदारीका दृष्टिले जनप्रतिनिधि तथा कर्मचारीहरुको भूमिका उलब्धिमूलक रहेको स्थानीयहरुको प्रतिक्रिया रहेको छ । शहरी फोहरमैला व्यवस्थापनका सहकार्य/साझेदारी थालनी गरिएको छ ।
- स्थानीय विकास निर्माण र सार्वजनिक चासोका विषयहरुमा समय समयमा राजनीतिक दल, नागरिक समाज, कर्मचारी, टोलविकास समिति, उद्योग बाणिज्यसंघ, होटल व्यबसायी, यातायात व्यबसायी, बुद्धिजीवि लगायत स्थानीय वासिन्दाहरु बीच समेत सर्वपक्षीय छलफल सहित समन्वय र साझेदारीका सम्भावनाहरु खोज गर्न स्थानीय जनप्रतिनिधिहरुले पहल गरेको पाईयो ।
- औपचारिक रुपमा पेशा-व्यवसायहरु संचालनका लागि स्थानीय उद्यमी-व्यवसायी र व्यापारीहरुलाई पालिकाले प्रोत्साहित गरी त्यस प्रकारको अभ्यास गर्ने उद्यमीहरुलाई सरकारी अनुदान, प्रोत्साहन र पुरस्कार प्राप्तिका लागि सहयोग पु-याउने गरेको पाइयो । यसका लागि वडाको भूमिका महत्वपूर्ण देखिएको छ ।

## ५.६. नागरिक गुनासो तथा सूचना व्यवस्थापनः

- कार्यालयमा हुनुपर्ने आधारभूत सेवा र सेवाग्राही सम्बन्धी तथ्यांक अद्यावधिक अवस्थामा राखिएको छ । कम्प्यूटर प्रणालीमा आधारित तथ्यांक रहेको हुँदा वडाको कार्यसम्पादन प्रणाली छिटो छरितो प्रकारको रहेको यस सामाजिक परीक्षणको क्रममा पाईएको छ ।
- नागरिकहरुको गुनासो सुनुवाईको लागि छुट्टै इकाई वा डेस्क गठन गरिएको छैन तथापि गुनासो सुनुवाईका लागि जनप्रतिनिधिहरुको उपलब्धता सहज रहेको पाईएको छ ।
- गुनासो तथा पृष्ठपोषणहरु प्राप्त गर्ने, प्राप्त गुनासोहरु बारे छलफल गर्ने र अभिलेखीकरण गर्ने कार्य औपचारिक रुपमा अपनाउन सकिएको छैन । गुनासो पेटिकाको व्यवस्था गरिएको भए पनि प्रयोगमा नआएको पाईएको छ ।

## ५.७. सार्वजनिक आचरण, आचार संहिताको परिपालना तथा उत्प्रेरणाः

- वडाका जनप्रतिनिधिहरुले आ-आफ्नो सार्वजनिक छविलाई स्वच्छ राख्न प्रयास गरेको र नैतिक रुपले पतन हुने कुनैपनि कामहरुमा संलग्न नभएको सामाजिक परीक्षणको क्रममा स्थानीयको प्रतिक्रिया रहेको छ ।
- विकास निर्माण योजनाहरुको कार्यान्वयनमा आर्थिक फाईदाका लागि जनप्रतिनिधिहरुको प्रत्यक्ष संलग्नता नरहेको पाईएको छ ।

## ६. वडाका केही विद्यमान समस्या तथा सुधारात्मक पक्षहरुः

- लुम्बिनी प्रदेशको राजधानी घोषणा भई बिस्तारित हुदै गएको बजार क्षेत्र (भालुवाङ्ग र आसपास) भएको कारणले भौतिक पूर्वाधार विकासको आवश्यकता र जनअपेक्षा अत्याधिक मात्रामा बढेको छ । जनअपेक्षा अनुसारको बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वय यथोचित रुपमा हुन नसकेको पाइन्छ ।
- पहुँचको आधारमा एउटै योजनाका लागि प्रत्येकवर्ष बजेट विनियोजन गर्ने र खर्च गर्ने परिपाटी बढेको प्रति सामाजिक परीक्षणको क्रममा जनगुनासो पाइएको छ ।
- सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा गरिएको लगानी पूर्वाधार विकासको तुलनामा अत्यन्त न्यून देखिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणको नियमितता र विगतमा वडास्तरमा गरिएको भुक्तानी व्यवस्थाको सेवाग्राहीले प्रशंसा गरेका छन । बैंक मार्फत भुक्तानी दिने प्रकृया रहेको पाइयो ।
- बजार क्षेत्र, सार्वजनिक स्थल, मन्दिर र राप्तीनदीक्षेत्रमा फोहरमैला व्यवस्थापनको मुद्धा पूर्णरुपमा समाधान भईसकेको पाईएन ।



- भालुवाङ बजार, यसका वरीपरी रहेका मन्दिर आसपास, खुल्ला पार्क क्षेत्र र नजिकैको सामुदायिक वन क्षेत्र लागूऔषध दुर्व्यबसनीहरुले प्रयोग गर्ने गरेको र यसले विशेष गरी यूवाहरुमा भविष्यमा ठूलो संकट पर्नेतर्फ पर्याप्त नियन्त्रण हुन सकेको पाईएन ।



## ७. सामाजिक परीक्षणको निश्कर्ष तथा सुझावः

- समष्टिगत विकास प्रयासका हिसाबले ८५ प्रतिशत भन्दा धेरै योजनाहरु सम्पन्न भएका छन । पूर्वाधार विकास, सडक निर्माण तथा मर्मत, स्वास्थ्य क्षेत्र, लक्षितवर्गका प्रबर्द्धनात्मक कार्यक्रम, रोजगारमूलक सीप विकास, दीर्घकालिन वातावरणीय संरक्षण तथा सौन्दर्यीकरण र शिक्षा सम्बन्धी कार्यक्रमहरुको उपलब्धि उच्च देखिए पनि आर्थिक समृद्धिका दृष्टिले मेरुदण्डको रुपमा रहेको कृषि, सिंचाई र पशुपालन क्षेत्रमा योजना मुताविक कम प्रगति देखिएकोले आगामी दिनमा उल्लिखित क्षेत्रको समेत उच्च कार्यसम्पादनका लागि प्राथमिकता दिन आवश्यक ठानिएको छ ।
- योजनाहरुको कार्यान्वयन चरणमा विज्ञ जनशक्ति, संचार जगतका प्रतिनिधिहरु सहित जनप्रतिनिधिहरुबाट गरिनुपर्ने सुपरीवेक्षण तथा अनुगमन कार्यमा केन्द्रित हुन आवश्यक देखिएको छ, साथै सम्पन्न भएका कार्यक्रमहरुको उपलब्धी सहितको रिपोर्ट तयार गरी प्रचारप्रसार गर्नुपर्ने आवश्यक ठानिएको छ ।
- राप्ती गाउँपालिका वडा न. १ बहुधार्मिक तथा बहुसांस्कृतिक क्षेत्रको प्रबर्द्धन, विकास र स्थानीय पर्यटन प्रबर्द्धनका लागि योजनाबद्ध विकास रणनीतिको आवश्यकता रहेको छ । हाल भैरहेको सानातिना पर्यटन प्रबर्द्धन र शहरी सौन्दर्यीकरणका अतिरिक्त एकीकृत योजना सहितको पर्यटन प्रबर्द्धन नीति तथा कार्यक्रम तय गरी यस क्षेत्रलाई समेत प्राथमितापूर्वक कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।
- नागरिक गुनासो व्यवस्थापनलाई विधिसम्मत रुपमा व्यवस्थित गर्ने र समय समयमा जनप्रतिनिधि तथा कर्मचारीहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई, गुनासो चौतारी जस्ता जनतासँगको साक्षात्कार कार्यक्रमहरु सञ्चालन गरी जनगुनासो कम गर्ने र जनप्रतिनिधि-सेवाग्राही सम्बन्धलाई पुनर्ताजगी गर्न उपयुक्त ठानिएको छ । यसका लागि आगामी दिनमा योजना तर्जुमा, अनुगमन र जवाफदेहीता तथा पारदर्शीता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्न समेत बजेट विनियोजन गर्न र नियमानुसार सोको खर्च हिसाब लेखापरीक्षण प्रतिवेदनमा छुट्टै उल्लेख गर्न समेत सुझाव पेश गरिन्छ ।
- वडा कार्यालयले विभिन्न शीर्षकमा अनुदान वा सहुलियत रुपमा वितरण गरिने बिऊ बिजन, सामाग्री तथा तालिम सहभागि छनौट गर्दा टोलविकास संस्थाका प्रतिनिधि समेतको सहयोगमा छनौट गर्दा अझ प्रभावकारी हुने सुझाव पेश गरिन्छ ।
- सेवाग्राहीको चाप अनुसार आवश्यक कर्मचारीहरुको स्थायी पदपूर्तिको प्रबन्ध मिलाउन/पहल गर्न आवश्यक देखिएको छ ।
- हाल अभ्यासमा रहेको उल्लेखनीय एवम् स्थानीय सेवाग्राहीले प्रशंसा गरेका सेवाहरुको निरन्तरताका लागि नीतिगत रुपमा नै निर्णय गरी कार्यान्वयन गर्न र यस प्रकारका राम्रा अभ्यासहरुले दिएका सकारात्मक सन्देशहरु बारे लिखित दस्तावेजहरु तयार गरी अभिलेखीकरण गर्न समेत सुझाव पेश गरिन्छ ।
- उद्योबाणिज्य संघ, प्रहरी, होटल व्यबसायी, यातायात व्यबसायी, टोलविकास संस्था र अन्य संघसस्थासँग समन्वय गरी यूवालक्षित कार्यक्रममा विशेषगरी लागूऔषध नियन्त्रण, अनुगमन सार्थ हिंसा न्यूनिकरण सम्बन्धी अभियानहरुलाई निरन्तरता दिनुपर्ने देखिएको छ ।






द्वितीय
राप्ती गाउँपालिका स्तरीय
प्रथम
अध्यक्ष कप फुटबल
प्रतियोगिता - २०७९



